This Question Paper consists of 13 questions and 8 printed pages.
यस प्रश्न–पत्रमा 13 प्रश्न र 8 मुद्रित पृष्ठ छ।

Roll No.
अनुक्रमांक

Code No. 68/S/O/N
कोड नं.

Set / सेट – A

# NEPALI
## नेपाली
## (231)

Day and Date of Examination
(परीक्षाको दिन अनि दिनाङ्क) ____________________

Signature of Invigilators
(निरीक्षकहरूको हस्ताक्षर) 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस्।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **68/S/O/N, सैट – A** लेख्नुहोस्।

**NOTE / निर्देश :**

(1) Answers of all questions are to be given in the Answer-Book given to you.
सभी प्रश्नों के उत्तर आपको दी गयी उत्तर पुस्तिका में ही लिखें।

(2) 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at 02.15 p.m. From 02.15 p.m. to 02.30 p.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.
इस प्रश्न–पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न–पत्र का वितरण दोपहर में 02.15 बजे किया जाएगा। 02.15 बजे से 02.30 बजे तक छात्र केवल प्रश्न–पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर–पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279

# NEPALI

# नेपाली

# (231)

**समय : 3 घण्टा** **पूर्णाङ्क : 100**

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ र प्रश्नको अङ्क छेउमा दिइएको छ।

(ii) यस प्रश्नपत्रमां **तीन** खण्ड – खण्ड–क, खण्ड–ख र खण्ड–ग छन्।

(iii) यस प्रश्नपत्रमा कुल **13** प्रश्नहरू छन्।

## खण्ड – क

1 निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी तला सोधिएका प्रश्नहरूको उत्तर सही विकल्प चुनेर लेख्नुहोस्: **1×6=6**

भारतवर्षको स्वाधीनता सङ्ग्रामको इतिहासमा महात्मा गान्धीको त्याग औ सङ्घर्ष उल्लेख गर्न योग्य छ। स्वाधीनता सङ्ग्राममा संलग्न हुनका निम्ति उनले त्यस समयका ब्रिटिस सरकारबाट प्राप्त सम्मानपूर्ण नोकरीलाई पनि त्याग गरे। उनका हृदयमा आफ्नो जन्मभूमि भारतप्रति गहिरो प्रेम थियो। उनले अहिंसा आन्दोलनलाई स्वतन्त्रता सङ्ग्रामका निम्ति हतियारका रूपमा प्रयोग गरे। १९२० मा उनले असहयोग आन्दोलनमा सक्रिय भाग लिएका थिए। यसले गर्दा उनले जेल जानुपरेको थियो। त्यहाँ उनले निकै मानसिक पीडा खप्नुपरेको थियो। उनले नेतृत्व गरेका आन्दोलनहरूमा असहयोग आन्दोलन, नागरिक अवज्ञा आन्दोलन, दाँडी मार्च आदि इतिहासमा स्वर्ण अक्षरले लेखिन योग्य छन्।

अहिंसालाई ब्रिटिस सरकारका विरुद्ध हतियार सम्झने गान्धीजीले पनि ब्रिटिस सरकारको मनपरी चरम सीमामा पुगेको देखी सन् १९४२ मा यहाँका जनतालाई हात–हतियार लिएर अङ्ग्रेज सरकारसित भिड्ने आज्ञा दिएका थिए। 'भारत छोड आन्दोलन' नामले प्रख्यात यस आन्दोलनमां



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279

'गर कि मर' भन्ने नीति अपनाइएको थियो। गान्धीजीको कुशल नेतृत्वमा भारतवर्षले अङ्ग्रेज शासनको क्रूर पन्जाबाट मुक्ति पायो। तर दुःखको कुरा के भयो भने हाम्रा राष्ट्रपिता मोहनदास करमचन्द गाधी सन् १९४८ मा नाथुराम गोड्से भन्ने एकजना व्यक्तिका हातबाट मारिए।

(i) भारतको स्वाधीनता सङ्ग्रामको उद्देश्य के थिए?

(A) व्यक्तिगत स्वाधीनता (B) सामाजिक स्वाधीनता

(C) राजनीतिक स्वाधीनता (D) सम्पूर्ण स्वाधीनता

(ii) गाँधीजीलाई प्रारम्भिक जीवनमा नौकरी दियो

(A) भारत सरकारले (B) ब्रिटिस सरकारले

(C) डच कम्पनीले (D) फरासी कम्पनीले

(iii) असहयोग आन्दोलन कहिले शुरू भयो?

(A) 1920 (B) 1921

(C) 1922 (D) 1923

(iv) गान्धीजीले कसको नेतृत्व दिएनन्?

(A) भारतीय स्वतन्त्रताको पहिलो सङ्ग्राम

(B) भारत छोड़ आन्दोलन

(C) दाण्डी मार्च

(D) असहयोग आन्दोलन

(v) 'गर कि मर' कुन आन्दोलनको स्लोगन हो?

(A) दाण्डी मार्च (B) असहयोग आन्दोलन

(C) भारत छोड़ आन्दोलन (D) बङ्ग भङ्ग

(vi) गाँन्धीजी को असल हतियार थियो

(A) बन्दुक (B) बारुद

(C) शांति (D) अहिंसा



**UNNATI EDUCATIONS**
**For Solutions, Contact Us**
**9899436384, 9654279279**

2 तलका विकल्पहरूमध्ये सही विकल्प चयन गर्नुहोस: 1×4=4

(i) नेपाली भाषामा वाक्य विन्यास को क्रम के हो?

(A) कर्ता, कर्म, क्रिया (B) क्रिया, कर्म, कर्ता

(C) कर्म, कर्ता, क्रिया (D) उपर्युक्त सबै

(ii) कुनै कथन उल्लेख गर्दा कुन चिह्न आवश्यक छ?

(A) योजक (B) उद्धरण

(C) अल्प विराम (D) पूर्ण विराम

(iii) भाषाका मुख्य प्रकार हुन्छन् –

(A) तीन (B) पाँच

(C) दुइ (D) चार

(iv) बोलेर विचार प्रकट गर्नुलाई भाषालाई के भनिन्छ?

(A) विभाषा (B) उपभाषा

(C) मौखिक भाषा (D) लिखित भाषा

3 निम्नलिखित विकल्पहरूमध्ये सही विकल्पलाई चिह्नित गर्नुहोस्: 1×5=5

(i) स्नेह र प्रणाम कुन प्रकार पत्रका अभिवादन छन्?

(A) औपचारिक (B) अनौपचारिक

(C) व्यावसायिक (D) सरकारी

(ii) कार्यालयीय पत्र कुन प्रकार पत्रको अन्तर्गत हो?

(A) आत्मीय (B) पारिवारिक

(C) औपचारिक (D) अनौपचारिक

(iii) पत्रहरूका प्रकार हुन्

(A) दुइ (B) तीन

(C) चार (D) पाँच

(iv) पत्रमा सम्बोधनपछि लेख्नु पर्छ

(A) पत्रको सम्बोधन (B) पत्र लेख्नको तारीख

(C) पत्रको उत्तर (D) पत्रको ठेगाना

(v) खामको पिठिउँमा दिनु पर्छ

(A) पाउने मानिसको उमेर (B) पाउने मानिसको ठेगाना

(C) पाउने मानिसको धर्म (D) पत्रलेखकको उमेर



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279

4 तलका विकल्पहरूमध्ये सही विकल्प चिह्नित गर्नुहोस: 1×5=5

(i) कुन प्रकारको निबन्ध घटनात्मक हुन्छ ?

(A) वर्णनात्मक (B) विवरणात्मक

(C) विचारात्मक (D) उपयुक्त सबै

(ii) कुन प्रकारको निबन्धमा प्राणी र अप्राणी विषयमा लेखिन्छ ?

(A) वर्णनात्मक (B) विवरणात्मक

(C) विचारात्मक (D) वैज्ञानिक

(iii) मुख्यत: निबन्धको प्रकार छैन ?

(A) आदर्शात्मक (B) वर्णनात्मक

(C) विचारात्मक (D) विवरणात्मक

(iv) 'निबन्ध' शब्दमा 'नि' को अर्थ हो

(A) छैन (B) हुँदैन

(C) न राम्रो (D) सुन्दर प्रकार

(v) विचारात्मक निबन्धको विशेषता हो

(A) तर्क (B) मननशीलता

(C) उदाहरण (D) (A) र (B) दुवै

## खण्ड – ख

5 निम्नलिखित वस्तुनिष्ठ प्रश्नहरूको एक वा दुइ शब्दमा उत्तर लेख्नुहोस्: 1×10=10

(i) 'मुनामदन' कुन शैलीमा रचित हो ?

(ii) 'गरीब' कवितामा रातमा के बत्तीको काम गर्छन् ?

(iii) 'नैतिक दृष्टान्त' कविताको शैली कस्तो छ ?

(iv) कवि धिमिरिले नेपाली जातिलाई के बन्ने उपदेश दिएका छन् ?

(v) "बिर्सन दिन्नो सन्ततिलाई" – कुन कविताको पङ्क्ति हो ?

(vi) 'साहित्यिक होली' मा 'शारदा' र 'हिमाद्रि' के हुन् ?

(vii) भूपि शेरचेनको कविता कुन भावधारामा रचित हो ?

(viii) कविले आमा लाई को सित तुलना गरेका छन् ?

(ix) "हाम्रा भित्र कल्मष सबै एकात्म भई बाँचुला।" कल्मष को अर्थ के हो ?

(x) 'आमा' कविताका कवि के हुन् ?



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279

**6** निम्नलिखित वस्तुनिष्ठ प्रश्नहरूको उत्तर लेख्नुहोस्: **1×10=10**

(i) ''सबै भन्दा ठूलो दु:खको वर्णन गर्ने गीतनै हाम्रौ सबै भन्दा मीठो गाना हो।'' कसले भने?

(ii) 'मेरो एउटा नागाहुकी' कथामा कुन प्रदेशको वर्णन छ?

(iii) 'हुकी' कुन् भाषाको शब्द हो?

(iv) 'मेरो एउटा नागाहुकी'मा नातिको मानसिक विकास कस्तो थियो?

(v) अभिनेयता कुन साहित्यिक विधाको तत्व हो?

(vi) 'पद्मा' कसको आधारमा लेखिएको छ?

(vii) वैज्ञानिक लेखन–लागि कुन भाषाको प्रयोग हुन्छ?

(viii) 'मृगतृष्णा' का कथाकार के हुन्?

(ix) रामलाल अधिकारीको निबन्धका शीर्षक बताउनुहोस्

(x) अनिता कुन् पाठकी पात्रा हो?

**7** निम्नलिखित प्रश्नहरूको निर्देशअनुसार उत्तर लेख्नुहोस्: **1×10=10**

(i) 'अन्त:' को विपरीतार्थक शब्द के हो?

(ii) 'अभि' उपसर्ग जोड़ेर एउटा शब्द–रचना गर्नुहोस्।

(iii) 'उज्ज्वल' कुन सन्धिको अंतर्गत?

(iv) 'पदच्युत' को समासको नाम लेख्नुहोस्।

(v) 'कर' अनेकार्थी शब्दका दुइवटा अर्थ लेख्नुहोस्।

(vi) समध्वनिमूलक शब्दहरूका अर्थ लेख्नुहोस्:
तप–ताप

(vii) 'वचन राख्नु' वारधाराको अर्थ लेख्नुहोस्।

(viii) उखानको अर्थ बताउनुहोस्–
कालो अक्षर भैंसी बराबर

(ix) 'लागत' मा कुन प्रत्यय छ?

(x) ''गुरूजीबाट आदेश भयो।'' यस वाक्यमा कुन विभक्ति छ?



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279

## खण्ड – ग

8 निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोसः

सदैव निराहर बस्न नसकिने संसारमा योभन्दा 'अजीव' उत्तर के हुन सक्छ र? दुनियाँ लागिरहेछ अर्थको खोजमा, आबालबृद्धवनिता धनसञ्चय गर्ने उपायको खोजमा अनुरक्त छः नखाई बाँच्न नसकिने शरीरको बनावट छ, विज्ञानको गतिमा संसारको कार्यक्रम चलिरहेछ, योग्यताको परिचय दिन सकेमात्र जिउने अधिकार प्राप्त हुन्छ भन्ने प्राकृतिक नियमको द्रुतसंचालन भइरहेछ; यस्तो विश्रव्यवस्ता देख्दादेख्दै पनि साहित्यिक, भन्छ 'म साहित्य रचाउँछु, कारण यो अनुपयोगी छ।'

तब प्रश्न उठ्छ, 'के साहित्यको अनुपयोगिता नै साहित्यको सर्वश्रेष्ठ गुण हो?' साहित्यिक यो प्रश्नले किञ्चित मात्र पनि विचलित नभई उत्तर दिन्छ, खानु र लाउनु नै जीवनको प्रधान लक्ष्य भए साहित्यको गुण यसको अनुपयोगितामै छ। खानु र लाउनु जीवनका अनिवार्य कर्म हुन् तर जीवनमा खानु र लाउनु मात्र छैन, बाँच्नु छ बाँच्नु का निम्ति साहित्यको आवश्यकता छ।

(i) योभन्दा 'अजीव उत्तर' को आशय स्पष्ट गर्नुहोस्। 2

(ii) दुनियाँमा मानिसहरू के को खोजमा लागिरहेन्छ? 2

(iii) उपर्युक्त अवतरण पाठ र कविको नाम लेख्नुहोस्। 2

(iv) उपर्युक्त अवतरणको मूलभाव स्पष्ट गर्नुहोस्। 5

9 निम्नलिखि पद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्:

''माटोको यो ममता ब्यूँझी गर्न न पाओस् उपहास यहाँ<br>
रक्त रक्तले पहाड़ रङ्गियोस् लेखिन देऊ इतिहास यहाँ।''

(i) क्रान्तिकारी कविको रूपमा अगम सिंह गिरीको महत्व लेख्नुहोस्। 2

(ii) नेपाली जातिप्रति अगम सिंह गिरीको माया वर्णन गर्नुहोस्। 3

(iii) कविले चियाबारीमा भएको जघन्य हत्याकाण्ड पछि व्यक्त गरेका विचार प्रस्तुत गर्नुहोस्। 5

10 निम्नलिखित कुनै **तीनवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस्: 3×2=6

(i) नाटकमा पात्र व पात्रा के लाई भनिन्छ?

(ii) 'त्रिकोण' नाटकले कसको पक्षलाई विरोध गरेको छ?

(iii) 'जीवन र साहित्य' पाठ अनुसार मतभेदमा के गर्नेपर्नेछ?

(iv) 'मृगतृष्णा' को निहितार्थ स्पष्ट गर्नुहोस्।



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279

**11** तलका कुनै दुइवटा प्रश्नहरूको उत्तर लेख्नुहोस्ः **2×5=10**

(i) नागाभूमि के–के ले घेरिएको छ ? पाठका अनुसार नागाहरूका विशेषता उल्लेख गर्नुहोस्।

(ii) 'त्रिकोण' एकाङ्कीको हरिबजेको चरित्र–चित्रण गर्नुहोस्।

(iii) 'पद्मा' को सम्वाद योजना का विशेषताहरू लेख्नुहोस्।

**12** आफ्नो साथीले हालैमा नौकरी पाएकोमा एउटा बधाई पत्र लेख्नुहोस्। **5**

**अथवा**

साथीका बाबाको असामयिक निधन भएकोमा एक सम्वेदना पत्र लेख्नुहोस्।

**13** निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस्ः **8**

(i) हाम्रो देशको वर्तमान

(ii) खेलकुदको महत्व

(iii) जातिप्रथाका दुष्प्रभावहरू

(iv) ऑनलाइन शिक्षादान

---



UNNATI EDUCATIONS
For Solutions, Contact Us
9899436384, 9654279279